५२८ - ५४०

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४८६/२०७२/०७३

निर्णय नं. ५४०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), वालिङ्ग नगरपालिका कार्यालय, वालिङ, स्याङ्जा ...........१ बिपक्षी

सूचना अधिकारी, वालिङ्ग नगरपालिका कार्यालय, वालिङ,स्याङ्जा ......................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले वालिङ्ग नगरपालिका कार्यालय, वालिङ, स्याङ्जा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम वालिङ्ग नगरपालिका कार्यालय, वालिङ, स्याङ्जालाई मिति २०७२।०७।२९ च.नं. ४२१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त वालिङ्ग नगरपालिका कार्यालय, वालिङ, स्याङ्जाको मिति २०७२।०८।२५, च.नं. ११३८, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पठाई सकिएको भनी यस आयोगलाई पत्र मार्फत् जानकारी गराई सो व्यहोरा बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराइएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।